bhanjyangnews.com
वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

# भञ्ज्याङ

राष्ट्रिय दैनिक
BHANJYANG NATIONAL DAILY

♦ सूचना प्राप्त गर्दा आधिकारिक माध्यमबाट प्राप्त गरौं
♦ भ्रमपूर्ण र मिथ्या सूचनाबाट भ्रमित नहोऔं ।
♦ सूचना प्रवाह गर्दा तथ्यजाँच गरी सही सूचना प्रवाह गरौं ।
♦ अनधिकृतरूपमा सूचना प्रयोग नगरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष ४१ अंक २९५ | २०७९ चैत १२ गते आइतबार, नेपाल सम्वत् ११४३ March 26, 2023 | पृष्ठ ४ | मूल्य : रू. ५/-



**विकास निर्माणमा उपभोक्ताको श्रमदान** : तनहुँको बन्दिपुर गाउँपालिका-४ को बाङरेपानी-पुलामिचोक-तीनधारा सडक विस्तार अन्तर्गत पक्कि नाला निर्माणका लागि श्रमदान गर्दै स्थानीय उपभोक्ताहरू । गाउँपालिकाकी उपाध्यक्ष पञ्चमाया गुरुङ सहित स्थानीय उपभोक्ताहरू श्रमदानमा खट्िएका छन् ।
*तस्बिर : भञ्ज्याङ*

# तनहुँमा १७४ क्षयरोगका बिरामी

## क्षयरोगबाट गत वर्ष १६ जना र यस वर्ष १० जनाको मृत्यु

**भञ्ज्याङ समाचारदाता**/दमौली

तनहुँमा चालु आर्थिक वर्षमा १७४ जना क्षयरोगका बिरामी थपिएका छन् । साउनयता २९ प्रतिशत महिला र ७१ प्रतिशत पुरुष क्षयरोगका बिरामी थपिएका हुन् । विश्व क्षयरोग दिवसको अवसरमा स्वास्थ्य कार्यालय तनहुँ र व्यास नगरपालिकाले संयुक्त रूपमा अयोजना गरेको अन्तरक्रिया कार्यक्रममा सबैभन्दा बढि व्यास नगरपालिकामा ४६ जना क्षयरोगका बिरामी फेला परेको स्वास्थ्य कार्यालयका सूचना अधिकारी सुदिप कँडेलले बताए । उनका अनुसार सबैभन्दा कम ऋषिङ गाउँपालिकामा २ जना बिरामी भेटिएका छन् ।

शुक्लागण्डकी नगरपालिकामा ३६, भानु नगरपालिकामा २१, म्याग्दे गाउँपालिकामा १४, आँबुखैरेनी गाउँपाकिलामा १४, भिमाद नगरपालिकामा ११, बन्दिपुर गाउँपालिकामा ११, घिरिङ गाउँपालिकामा १० र देवघाट गाउँपालिकामा ९ जना नयाँ बिरामी फेला परेको सूचना अधिकारी कँडेलले जानकारी गराए ।

गत आर्थिक वर्ष जिल्लामा ३१२ जना क्षयरोगका बिरामी फेला परेका थिए । जसमध्ये १६ जनाको मृत्यु भएको सूचना अधिकारी कँडेलले बताए । उनका अनुसार चालु आर्थिक वर्षको हालसम्म १० जना क्षयरोगका बिरामीको मृत्यु भएको छ । जसमध्ये सबैभन्दा धेरै व्यासमा ४ जनाको मृत्यु भएको छ ।

कँडेलका अनुसार १४ वर्ष उमेरसमूहका ३.९ प्रतिशत, १५ देखि ६४ वर्ष उमेरसमूहका ७४.७ प्रतिशत र ६५ माथिका उमेर समूहका २१.५ प्रतिशत व्यक्तिमा क्षयरोगको संक्रमण देखिएको छ।



क्षयरोगको उपचार सफलताको दर पनि ८६.३ प्रतिशत रहेको छ ।

क्षयरोग संक्रमण बृद्धिमा तनहुँ गण्डकी प्रदेशकै तेश्रो जिल्ला भएको तर सफलता दरमा कमजोर बनेको स्वास्थ्य कार्यालय तनहुँका प्रमुख शंकरबाबु अधिकारीले बताए । उनले भने, 'समजमा अपहेलित हुन्छु भनेर लुकाउने, नियमित औषधी सेवन नगर्ने, स्वास्थ्यमा समस्य आए स्वास्थ्य परीक्षण नगर्ने, लक्षण थाहा नहुने, हेलचक्राई गर्ने जस्ता कारणले गर्दा समाजमा संक्रमण फैलिएको छ ।'

गत आर्थिक वर्षमा ७८३ जना क्षयरोगका विरामी पत्ता लगाउनुपर्नेमा ३१२ जना मात्र पत्ता लगाइएको उनले बताए । 'नि:शुल्क स्वास्थ्य परीक्षण र नि:शुल्क औषधी उपलब्ध हुँदा पनि क्षयरोगका बिरामीहरू अझै लुकेर बसेका छन्', उनले भने, 'क्षयरोगका बिरामीहरूले औषधी सेवन गरे समाजका अन्य स्वस्थ मानिसमा सर्दैन । औषधी सेवन गरेछैनन् भने एकजना बिरामीले एक वर्षमा १० देखि १२ जनालाई संक्रमण फैलाउन सक्छ।'

क्षयरोगका बिरामीहरू स्वास्थ्य परीक्षणका लागि स्वास्थ्य संस्थामा आउन आनकानी गर्ने दमौली अस्पतालका मेडिकल अधिकृत शुसिल बि.क.ले बताए । उनले भने, 'बिरामीले एक हप्ता औषधि खाएर छाड्ने बिरामी पनि धेरै छन् । समाजले नराम्रो सोच्छ भनेर धेरै खुल्न चाहानुहुन्न ।'

क्षयरोग एक सरुवा रोग हो। जुन माइक्रोब्याक्टेरियम ट्युवरकुलोसिसे सुक्ष्म किटाणुबाट लाग्छ । यो रोग एक व्यक्तिबाट अर्को व्यक्तिमा श्वासप्रश्वासको माध्यमबाट सर्छ । फोक्सोको क्षयरोग र फोक्से बाहेक शरीरको अन्य भागमा लाग्ने क्षयरोग गरी दुई प्रकारका क्षयरोग हुन्छन् । क्षयरोगका बिरामीहरूलाई मधुमेह हुने सम्भावना बढि हुन्छ । यस्तै, कुपोषण, एच.आई.भी संक्रमण भएका मानिसहरूमा यो रोग छिटो बिकासित हुन्छ।

खकारमा रगत देखा पर्नु, खाना नरुच्नु, साँझपख हल्का ज्वारो आउनु र पसिना आउनु, छाती दुख्नु र श्वास फेर्न गाह्रो हुनु, वजन घट्दै जानु र थकाई लाग्नु जस्ता क्षयरोगका लक्षणहरु हुन् । अधिकृत बि.क.ले भने, 'नियमित रूपमा औषधी सेवन गरे क्षयरोग पूर्ण रूपमा निको हुन्छ । यसको औषधी सबै अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीहरूमा नि:शुल्क पाइन्छ ।'

व्यास नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत गंगालाल सुवेदीको अध्यक्षतामा आयोजित कार्यक्रममा नगरप्रमुख बैकुण्ठ न्यौपानेले क्षयरोग सरुवा रोग भएको हुँदा यसलाई समाजले अपहेलित, दुर्दर गर्ने होइन समयमै स्वास्थ्य संस्थामा परीक्षण तथा उपचारको पहुँचमा पुर्‍याई अन्यलाई संक्रमण हुनबाट रोक्न सबै सचेत बन्नुपर्ने बताए ।

# तनहुँको जनसंख्या ३२११५३ : बढि व्यासमा र कम घिरिङमा

**भञ्ज्याङ समाचारदाता**/दमौली

राष्ट्रिय तथ्याङ्क आयोगले शुक्रबार २०७८ मा गरेको जनगणनाको प्रतिवेदन सार्वजनिक गरेको छ । सार्वजनिक प्रतिवेदनको तथ्याङ्क अनुसार तनहुँको जनसंख्या ३ लाख २१ हजार १५३ रहेको छ । सार्वजनिक तथ्याङ्क अनुसार तनहुँको जनसंख्या घटेको देखाइएको छ । २०६८ मा जिल्लाको जनसंख्या ३ लाख २३ हजार २८८ थियो । तनहुँको जनसंख्या -०.०६ ले घटेको छ ।

यस्तै, तनहुँमा पुरुषको तुलनामा महिलाको जनसंख्य बढी रहेको छ । कुल जनसंख्याको ४६.७ प्रतिशत अर्थात १ लाख ४९ हजार ९७८ पुरुष रहेका छन् भने ५३.३ प्रतिशत अर्थात १ लाख ७१ हजार १७४ महिलाको जनसंख्य रहेको छ । जिल्लाको कुल जनसंख्याको लैङ्गिक अनुपात ८७.७४ पुरुष प्रति १०० महिला रहेको छ भने जनघनत्व प्रति वर्ग किमि २०८ रहेको छ ।

सार्वजनिक तथ्याङ्क अनुसार भानु नगरपालिकाको जनसंख्या ४२ हजार ७९४ रहेको छ । जसमा १९ हजार ५१५ (४५.६ प्रतिशत) पुरुष र २३ हजार २८० (५४.४ प्रतिशत) महिला रहेका छन् । नगरपालिकाको कुल साक्षरता दर ७७.५ प्रतिशत रहेको छ। जसमा पुरुष ८७.२ प्रतिशत र महिला ६९.६ प्रतिशत साक्षर रहेको देखाइएको छ ।

जनगणनाको तथ्याङ्क अनुसार व्यास नगरपालिकाको जनसंख्य ७८ हजार ९३९ रहेको छ । यो जनसंख्य जिल्लाका अन्य पालिका भन्दा धेरै रहेको छ। व्यासमा पुरुष ३६ हजार १५५ (४५.८ प्रतिशत) र महिला ४२ हजार ७८५ (५४.२ प्रतिशत) जनसंख्य रहेको छ । व्यासको कूल साक्षरता दर ८५.३ प्रतिशत रहेको छ । जसमा ९१.६ प्रतिशत पुरुष र ८० प्रतिशत महिला साक्षर रहेको देखाइएको छ ।

म्याग्दे गाउँपालिकाको जनसंख्या २३ हजार ५९८ रहेको छ । सार्वजनिक तथ्याङ्क अनुसार म्याग्देमा पुरुष १० हजार ८९४ (४६.२ प्रतिशत) र महिला १२ हजार ६८५ (५३.८ प्रतिशत) जनसंख्या रहेको छ । म्याग्देको साक्षरता दर ८२.२ प्रतिशत रहेको छ । जसमा पुरुष ८९.४ प्रतिशत र महिला ७६.१ प्रतिशत साक्षर रहेको देखाइएको छ

शुक्लागण्डकी नगरपालिकाको जनसंख्या ५५ हजार ६२० रहेको छ । जसमा पुरुष २५ हजार ८६४ (४६.५ प्रतिशत) र महिला २९ हजार ७५७ (५३.५ प्रतिशत) जनसंख्या रहेको छ। कूल साक्षरता दर ८६.८ प्रतिशत रहेको छ । जसमा पुरुष ९२.६ प्रतिशत र महिला ८१.८ प्रतिशत साक्षर रहेका छन् ।

बाँकी तेश्रो पेजमा

# तनहुँ-१ उपनिर्वाचन

## कांग्रेसका १३ जनाको दरखास्त, नेकपा माओवादीबाट ७ जनाको नाम लिस्ट तयार

**भञ्ज्याङ समाचारदाता**/दमौली

गत मंसिर ४ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनबाट तनहुँ क्षेत्र नं. १ बाट निर्वाचित नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेल राष्ट्रपतिमा निर्वाचित भएपछि यो क्षेत्रमा उपनिर्वाचन हुने भएको छ। निर्वाचन आयोगले आगामि वैशाख १० गते उपनिर्वाचन गर्ने मिति तोकेसँगै विभिन्न राजनीतिक दलहरू यतिबेला निर्वाचनको तयारीमा जुटेका छन् ।

तनहुँ-१ को उपनिर्वाचनका लागि उम्मेदवार बन्न नेपाली कांग्रेसमा शुक्रबार छ जनाले दरखास्त दिएका छन् । तनहुँ क्षेत्र नम्बर १ प्रतिनिधिसभा सदस्य क्षेत्रीय कार्यसमितिले आवेदन मागेको पहिलो दिन छ जनाले दरखास्त हालेका हुन् । पूर्व सभापति रघुनाथ पौडेल, केन्द्रीय सदस्य गोविन्द भट्टराई, महाधिवेशन प्रतिनिधि रामचन्द्र अधिकारी, दिपक भट्टराई, लक्ष्मी आचार्य र आँबुखैरेनी सभापति विष्णु पन्तले दरखास्त दिएका क्षेत्रीय सचिव दयानिधी नरालले जानकारी गराए।

यस्तै, शनिबार देवकुमार श्रेष्ठ, रामचन्द्र पोखरेल, समुन्द्र गोदार, दोबाटे विश्वकर्मा, सरिता गुरुङ, अर्जुन अधिकारी, श्याम मौरातीले दरखास्त हालेका छन् । उम्मेदवार आकांक्षीसँग ६ हजार शुल्क लिइएको छ । क्षेत्रीय समितिले चैत १५ भित्र उम्मेदवारको नामावली प्रदेशमा सिफारिस गर्ने बताइएको छ ।

यस्तै, वैशाख १० गते हुने उपनिर्वाचन हुनेभएपछि नेकपा माओवादी केन्द्रले दावी गरेको छ। नेकपा माओवादी केन्द्रीय सदस्य हरिबहादुर चुमान, आशा कोइरालाको उपस्थितिमा बन्दिपुरमा बसेको बैठकले तनहुँ-१ को रिक्त रहेको प्रतिनिधिसभा सदस्यमा दावी गर्ने निर्णय गरेको हो । मंसिर ४ गते सम्पन्न निर्वाचनमा माओवादीसँगको गठबन्धनमा नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेल निर्वाचित भई हाल राष्ट्रपति बनेपछि यस क्षेत्रमा माओवादीले दावी गर्ने माओवादी केन्द्र बन्दिपुरका नेता पूर्णसिं थापाले बताए ।

माओवादी केन्द्रले सम्भावित उम्मेदवारको लिष्ट समेत तयार पारेको नेता थापाले बताए । उनका अनुसार पार्टीका केन्द्रीय कोषाध्यक्ष श्रीराम ढकाल, केन्द्रीय सदस्य ओमकुमारी पौडेल, वैकल्पिक सदस्य हेमराज लामिछाने, गीता शाही, सूर्य गौली, भिम राना र पूर्णसिं थापामध्ये एकलाई उम्मेदवार बनाउने निर्णय गरिएको छ । निर्वाचन आयोगले चैत २० गते उम्मेदवारी दर्ताको कार्यतालिका सार्वजनिक गरेको छ।

# बलात्कार पीडित : मुद्दा जिते पनि पाउँदैनन् न्याय



**बलात्कार पीडितलाई प्रहरी, सरकारी वकिल हुँदै न्यायालयसम्म पुग्नै सकस छ । तर, जो त्यहाँसम्म पुग्छन् र कानुनी रुपमा मुद्दा जित्छन्, तिनले पनि समाज र परिवारको लाञ्छनाका कारण घरबाट विस्थापित हुनुपर्ने अवस्था छ ।**

**आभास बुढाथोकी**

रोल्पाकी एकजना १३ वर्षीया बालिकाको पेट अस्वाभाविक रूपमा बढ्न थालेपछि विद्यालयका शिक्षक-शिक्षिका आश्चर्यमा परे। तैपनि बालिका विद्यालय आउन छोडिनन् । एकदिन बालिका चक्कर लागेर स्कुलकै चौरमा ढलिन् । अस्पताल पुऱ्याएपछि थाहा भयो, ती बालिका ९ महिनाकी गर्भवती रहिछन् । पेटमा बसेको गर्भबारे सोधपुछ गर्दा बालिकाले आफू काकाबाट बलात्कृत भएको कहालीलाग्दो घटना सुनाइन् । हप्ता दिनमा बालिकाले बच्चा जन्माइन् । त्यसपछि पीडित परिवारले बालिकामाथि करणी गर्ने काका विरूद्ध २०७७ साल साउन, प्रहरीमा जाहेरी दिए ।

प्रहरीले अनुसन्धानपछि मुद्दा चलायो । जिल्ला अदालत रोल्पाले २०७७ सालमै पीडक काकालाई २० वर्ष कैद हुने फैसला गऱ्यो । आफूमाथि अन्याय गर्ने काकालाई जेल सजाय भएपछि बालिकाले कानुनी रूपमा मुद्दा जितिन्। काका जेल परे । तर, छरछिमेकी र आफन्तहरूले यसलाई राम्रो मानेनन् । 'काकालाई जेल हालेको' भन्दै छरछिमेक र आफन्तले उल्टै उनीमाथि लाञ्छना लगाए । यसमा गाउँले पनि मिसिए । बिरामी बालिका समाजको लाञ्छनाले थप विक्षिप्त भइन् । उनको पक्षमा बोलिदिने कोही भएन । बालिकाले गाउँ नै छोड्नु पऱ्यो । अहिलेसम्म पनि उनी घर फर्कन सकेकी छैनन् । दुई वर्षयता उनी फुपूकोमा बसेकी छन् । अर्को यस्तै एउटा घटना छ, रोल्पाको । आमाको मृत्युपछि बावुले १८ वर्षीया छोरीमाथि जबरजस्ती करणी गरे । यो क्रम लामै समयसम्म चल्यो । बावुले गर्भनिरोधक चक्की खुवाएर पनि करणी गरिरहे । यसैबीचमा बालिका गर्भवती भइन् । उनको पेटको गर्भ ८ महिनाको भएपछि घटना बाहिर आयो ।

२०७८ माघमा बालिकाले बावुविरूद्ध प्रहरीमा मुद्दा दर्ता गरिन् । प्रहरीले अनुसन्धान पछि अदालतमा मुद्दा दर्ता गऱ्यो । जिल्ला अदालत, रोल्पाले पीडक बावुलाई २४ वर्ष कैद फैसला गऱ्यो । बावु जेल परे । पीडित बालिकाले बच्चा पनि जन्माइन् । यसपछि बालिकालाई झन् ठूलो समस्या आइपऱ्यो । घटनापछि पीडित किशोरी गाउँ बस्न सक्ने स्थिति रहेन । आफन्त र छरछिमेकले घृणा गर्न थाले । उनी र उनको बच्चा माथि तथानाम बचन लगाउने काम हुन थाल्यो । केही दिन सहेर बसे पनि 'बावुलाई जेल हालेर घर बसेकी' भनेर उनीमाथि समाज नै खनिन थाल्यो । 'बावुलाई जेल पठाई भनेर गाउँमा आफन्तले गाली गरे' पीडित किशोरीले अनलाइनखबरसँग भनिन्, 'सबैले मेरो नै दोष देखाए । अनि म गाउँमा बस्नै सकिनँ ।' यसरी किशोरीले गाउँ नछोडी सुखै पाइनन् । दुई वर्षयता उनी जिल्ला सदरमुकाम लिवाङमा होटलमा भाँडा माझ्ने काम गरेर जिन्दगी चलाइरहेकी छिन् । उनी भन्छिन्, 'बावुले मेरो जिन्दगी नै बर्बाद बनाए । मेरो कुनै दोष नहुँदा पनि मैले सजाय भोग्नु पऱ्यो ।'

अर्को उदाहरण छ, दाङ जिल्लाको । ५ भदौ २०७४ मा ११ वर्षीया बालिकामाथि बलात्कार गरेको भन्दै जिल्ला प्रहरी कार्यालय घोराहीमा पीडित पक्षबाट जाहेरी पऱ्यो । छिमेकी २३ वर्षीय युवकमाथि आशंका गरेर परेको जाहेरीका आधारमा प्रहरीले अनुसन्धान गरी मुद्दा चलायो । २ जेठ २०७५ मा जिल्ला अदालतले आरोपित युवकलाई दोषी ठहर गर्दै जबर्जस्ती करणीको कसुरमा १२ वर्ष जेल सजायसहित २५ हजार क्षतिपूर्ति भराउने फैसला गऱ्यो । ती किशोर जेल चलान भए। तर दोषी जेल चलान हुँदैमा पीडित परिवारले न्यायको अनुभूति गर्न पाएन। उनीहरूमाथि पीडक पक्षले दिनरात मानसिक यातना दिन थाल्यो । हुँदाहुँदा केही मानिस घरमै आएर पीडितका बावुमाथि कुटपिट गरे । पीडित बालिकालाई मार्ने भन्दै आउन थाले । ज्यान मार्ने धम्की दिइरहँदा पनि उनीहरूलाई कुनै कारबाही भएन। यसपछि पीडितको परिवार नै गाउँ छोडेर हिंडे।

रूकुमको अर्को एउटा घटना पनि यस्तै छ । २० वर्षीया युवती नाता पर्नेबाटै बलात्कृत भएकी थिइन् । उनले २०७९ असोजमा जिल्ला प्रहरी कार्यालय, रूकुममा जाहेरी दिइन्। प्रहरीले तत्काल आरोपित युवकलाई पक्राउ गरी मुद्दा चलायो । तर, त्यसपछि पीडित परिवारलाई झन् संकट आइपऱ्यो । पीडक पक्षले ती युवती र उनको परिवारलाई बारम्बार धम्क्याउन थाले । विस्तारै छरछिमेकमा युवतीकै चरित्रमा दोष लगाउँदै युवकलाई फसाएको भनेर चर्चा हुनथाल्यो । हुँदा-हुँदा पीडक परिवार र गाउँले मिलेर उनलाई गाली गर्न थाले, उनी घरमा बस्न नसक्ने अवस्थामा पुगिन् । केही दिन गैरसरकारी संस्था ओरेक नेपालको सेफ हाउसमा राखेर उनलाई काठमाडौंको पुनर्स्थापना केन्द्रमा पठाइयो । त्यसयता ती युवती गाउँ फर्कन सकेकी छैनन्। समाजमा हत्तपत्त बाहिर नआउने बलात्कारका घटनामा उजुरी परेर कानुनी रूपमा मुद्दा जित्नु चानचुने चुनौती होइन । तर यहाँ त यति लामो प्रक्रियामा जुधेर न्याय पाउने अवस्था निर्माण हुँदा पनि पीडितलाई सजिलो छैन। उल्टो आपत् आइलाग्छ भन्न माथिका दृष्टान्त काफी छन्।

बलात्कार तथा महिला हिंसा विरूद्ध काम गर्दै आएको गैरसरकारी संस्था ओरेक नेपाल दाङको विवरणले भन्छ- 'बलात्कार घटनाका पीडितहरूलाई परिवार र समाजमा पुनःस्थापित हुन सजिलो छैन ।' संस्थाकी कार्यक्रम अधिकृत पूजा चौधरीको विश्लेषणमा सबभन्दा पहिले परिवार र समाजले महिला माथि शंका गर्छ । यसो हुनुमा कहीं न कहीं महिलाको पनि भूमिका हुनसक्छ भन्ने यो शंकालु भावनाको शिकार पीडितहरु हुन्छन्। चौधरी भन्छिन्, 'बलात्कारका घटनापछि विस्तारै समाज र परिवारले नै पीडितलाई छिःछि र दुर्दुर् गर्न थाल्छ । अदालतमा परेको मुद्दाको फैसला आउँदासम्ममा पीडित घर र समाजमा बस्न नसक्ने अवस्थामा पुगिसकेको हुन्छ ।' बलात्कार घटनामा पीडित नै विस्थापित भएको अर्को घटना पनि छ । २०७८ सालमा दाङ घोराहीकी २२ वर्षकी युवती सामूहिक बलात्कारमा परिन् । उनीमाथि बलात्कार गर्ने गाउँकै दुई जना चिनेजानेका युवक थिए । पीडित युवतीले घटना लगत्तै प्रहरीमा उजुरी दिइन् ।

तर यसरी उजुरी गर्नु पीडित परिवारका लागि महँगो सावित भयो । अदालतमा मुद्दा दर्ता गरेपछि ज्याला मजदुरी गर्ने पीडित परिवारलाई पीडकले दिनरात धम्क्याउन थाले। मानसिक यातना यति बढ्यो कि पीडित परिवारले सहनै सकेनन् । दुई महिना अघिको कुरा हो- पीडितको परिवार नै गाउँ छोडेर भारत पसे । बलात्कारका घटनामा कतिसम्मको अवस्था छ भने पीडितले आफ्नै परिवारभित्रबाट समेत सहयोग पाउँदैनन् । उल्टो पीडितलाई नै घरकै ढोका बन्द हुन्छ। दाङ बंगलाचुलीको यस्तै एउटा घटना छ । यो परिवारमा बावु बितेपछि आमाले अर्को बिहे गरिन् । सुरूमा माया गरे जस्तो गर्ने झट्केला बावुले आमा नभएको मौकामा १३ वर्षीया उनीमाथि जबरजस्ती करणी गर्थे । एक वर्षदेखि बावुले आफूमाथि लगातार बलात्कार गर्न थालेपछि पीडित बालिकाले हजुरआमाको सहयोगमा १५ माघ २०७३ मा प्रहरीमा जाहेरी दिइन् । प्रहरीले आरोपित बावुलाई



पक्राउ गरी मुद्दा चलायो । र, जिल्ला अदालतले दोषी ठहर गर्दै १८ वर्ष कैद र पीडितलाई ४० हजार क्षतिपूर्ति भराउने फैसला गऱ्यो ।

तर त्यसपछि बालिकालाई घरको ढोका सधैंका लागि बन्द भयो । बालिकाकी आमाले नै बावुलाई जेल हालेको भनेर घरमा पस्न दिइनन् । घरमा बस्न नपाएपछि पीडित बालिका घोराहीमा सानीआमाको घरमा आएर बस्न थालिन् । 'तैंले बाउलाई जेल पठाइस् भनेर आमाले घरमा छिर्न दिनुभएन' पीडित बालिकाले अनलाइनखबरसँग भनिन्, 'गाउँमा पनि सबैले त्यसै भनेर गाली गरे । अब म कहाँ जाउँ ?' कुनै बेला द्वन्द्वको केन्द्रमा रहेको रूकुम, रोल्पा र दाङ जिल्लाका यी घटना विवरणले त्यहाँको पारिवारिक र सामाजिक न्याय व्यवस्था झल्काउँछ । बालिका, किशोरी माथि जधन्य अपराध भएकोमा अदालतसम्म पुग्नै मुश्किल छ भने अदालत पुगेर मुद्दा जितेका घटनामा पनि परिवार र समाजका कारण पीडितले न्याय पाउन सम्भव हुन्न । उल्टो उनीहरूले नै घर छाडेर हिंड्नुपर्छ । तर, बलात्कार घटनालाई महिलाको भविष्य र इज्जतसँग जोडेर हेर्नै नहुने बताउँछिन्, महिला अधिकारकर्मी रचना सुवेदी । 'बलात्कार वा यौन दुर्व्यवहार हुनुमा महिलाको दोष हुँदैन' उनले भनिन्, 'यस्ता घटनामा महिलाहरू शिकार भए, उनीहरूलाई हेला गर्नुहुँदैन । बरू माया, साथ र हौसला दिनुपर्छ ।' उनी समाजमा हुने बलात्कारका घटनामा पीडितलाई न्यायका लागि परिवार र गाउँ समाजले नै सघाउनुपर्ने बताउँछिन् । 'यसो हुँदा पीडितले थप यस्ता घटनाविरूद्ध लड्ने आँट पाउँछन्' उनले भनिन्, 'हरेक समाजमा यही थिति बसाल्न सके पीडितले न्याय पाएको अनुभूति पाउँछन् ।'

### 'दोषी जेल जाँदैमा न्याय हुँदैन'

बलात्कारका घटनामा दोषी जेल जाँदैमा पीडितलाई न्याय भयो भन्न नमिल्ने अधिकारकर्मीहरु बताउँछन् । 'दोषी जेल जाँदैमा पीडितले न्याय पाउँछन् भन्ने हुँदैन' महिला अधिकारकर्मी रक्षकहरूको राष्ट्रिय सञ्जाल रोल्पाकी अध्यक्ष तीर्था आचार्य भन्छिन्, 'कानुनी न्याय जिते पनि पीडितले समाज र परिवारसँग फेरि अर्को न्यायको लडाईं लड्नुपर्छ ।' यस्ता घटनामा कानुनले फैसला गरे पनि परिवार र समाजले नै त्यो फैसलालाई पीडितको पक्षमा कार्यान्वयनमा आउन दिंदैन ।'

आचार्य भन्छिन्, 'अब पीडितलाई परिवार र समाजमा सम्मानपूर्वक पुनर्स्थापना गर्ने र फैसला बमोजिम न्याय प्रदान गर्ने जिम्मेवारी पनि राज्यले नलिने हो भने अदालती फैसलाको अर्थ रहन्न ।' मुख्यतः पितृसत्तात्मक सोचका कारण नेपाली समाजमा बलात्कार पीडितका लागि न्याय धेरै टाढा रहेको बताउँछन्; महेन्द्र बहुमुखी क्याम्पस दाङ, समाजशास्त्रका उप-प्राध्यापक निर्मल गौतम । 'पुरूष प्रधान समाजमा पीडितलाई नै लाञ्छना लगाउने, दोषी देख्ने प्रवृत्ति व्याप्त छ । यसबाट बलात्कार जस्ता जघन्य अपराधलाई प्रश्रय मिल्छ' उनी भन्छन्, 'यस्तोमा पीडितले कसरी न्याय पाएको अनुभूति गर्न सक्छन् र ?'

उनी बलात्कार भइसकेपछि कुनै न कुनै रूपमा पीडितलाई दोषी देखाउने प्रवृत्तिले गर्दा अपराधीहरु हौसिने र यसले पीडितलाई आफ्नै गल्ती पो थियो कि भन्ने अवस्थामा पुऱ्याउने गरेको बताउँछन् । पीडकलाई शंकाको सुविधा दिने सामाजिक संरचना र मान्यताले गर्दा पीडितका लागि न्याय धेरै टाढा रहेको उनको भनाइ छ । उनले यस्ता सामाजिक कुरीतिहरु नबदलेसम्म पीडितले न्याय पाउन मुश्किल हुने बताए । बलात्कार पीडितका सवालमा कानुनी प्रणाली र न्यायको परिभाषालाई पनि बदल्नुपर्ने ठान्छन् उनी । 'हाम्रो कानुनी प्रणालीले फैसला भएपछि पीडितलाई न्याय मिल्छ भन्ने मान्यता राख्छ' गौतमले भने, 'त्यसैले फैसलापछि पीडितको जीवन निर्वाह र सामाजिक पुनर्स्थापनाबारे न्यायालयको पनि ध्यान पुगेको देखिंदैन ।'

### उल्टै सताउँछ सामाजिक संरचनाले

महिला अधिकारकर्मी दीपा धिताल बलात्कार घटनामा पीडितले न्यायका निम्ति पाइलैपिच्छे हैरानी भोग्नुपर्ने सूची सुनाउँछिन्। 'पहिले त घटनालाई सकेसम्म लुकाउन वा दबाउन खोजिन्छ' उनले भनिन्, 'पीडितले परिवार र आफन्तको साथ पाउँदैनन् ।' त्यही कारण कति पीडित त समाजले लाञ्छना लगाउने डर अनि आफूले पाउने दुःख, हैरानी र सामाजिक बेइज्जती सम्झेर न्यायिक प्रक्रियामै जाँदैनन् ।' अधिकारकर्मी धितालका भनाइमा, बलात्कृत महिलालाई सामान्यतया कसैले सहयोग गर्दैन । पारिवारिक, सामाजिक परिवेशले बलात्कृत महिलाको संरक्षण नगर्ने हुँदा पीडित न्यायका लागि एक्लै लड्नुपर्ने अवस्था आउँछ। अनि तुलनात्मक रूपमा प्रभावशाली पीडक विरूद्ध उनीहरु बोल्नै सक्दैनन्।

उनी भन्छिन्, 'यो अवस्थामा परिवारभित्रकै व्यक्ति पीडक भएपछि यस्तो मामिला घरमै गुपचुप पारिन्छ । कुनै कारणले घर बाहिर निस्केर उजुरी गरिहाले पनि उनीहरु चर्को पीडा खेपेर जीवन बिताउनुपर्छ।' यस्तै हाम्रो न्याय प्रणाली पनि पूर्णतः पीडितमैत्री नभएको उनी बताउँछिन् । 'कानुनी संयन्त्रहरु पीडितलाई थप पीडा दिने खालका छन्' उनी भन्छिन्, 'पीडितलाई सोधिने असंवेदनशील प्रश्नहरूले झन् बढी आघात बनाउँछ । कानुनी न्याय लड्दा लड्दै पीडित थाकिसक्छन् ।' तर यसरी थकित अवस्थामा पुगेर न्याय पाउँदा पनि परिवार र समाजले उल्टै धम्क्याउन थालेपछि उनीहरु निराश र पलायन हुन्छन् । उनले भनिन्, 'मुद्दा जितिहाले पनि पीडक जेल जाने हो, तर पीडितले केही पाउँदैनन् । अनि परिवार र समाजको पनि साथ नपाउँदा उनीहरु घर छाड्न बाध्य हुन्छन् ।' अधिवक्ता गोमा महरा पीडितले मुद्दा जित्दैमा न्यायको अभिभारा पूरा नहुने बताउँछिन् । 'कानुनको उद्देश्य पनि पीडितले सम्मानपूर्वक बाँच्न पाउनुपर्छ भन्ने नै हो' उनी भन्छिन्, 'तर पीडितमाथि नै लाञ्छना लगाउने हाम्रो सामाजिक संरचनाका कारण मुद्दा जित्नुले मात्रै न्यायको अभिभारा पूरा हुँदैन ।' लामो समयदेखि बलात्कार सम्बन्धी घटनाका मुद्दा हेरेकी उनी 'बलात्कार मुद्दाका पीडितले कैयौं तगारा पार गरे पनि वास्तविक न्याय पाउन मुश्किल हुने' बताउँछिन् ।

### बढ्दो बलात्कार, निशानामा बालिका

प्रहरी प्रधान कार्यालयले हरेक वर्ष बलात्कार तथा यौनजन्य घटनाको ग्राफ देखाउँछ । अझ झस्क्याउने कुरा के छ भने, बलात्कार तथा यौन हिंसाका घटनामा बालिकाहरु बढी पीडित छन् । प्रहरीको तथ्यांक हेर्दा पछिल्ला तीन वर्षमा मुलुकभर ७ हजार ११५ बलात्कार तथा यौन हिंसाका घटना भएका छन् । जसमा १६ वर्ष मुनिका धेरै बालिका छन् । पछिल्लो तीन वर्षमा ४ हजार ६१८ बालिका बलात्कृत भएका छन् । बलात्कृत हुने बलिकाको संख्या हरेक वर्ष बढ्दो छ । प्रधान प्रहरी कार्यालयका अनुसार आर्थिक वर्ष २०७६/७७ मा २ हजार १६७ मध्ये १ हजार ३९३, आर्थिक वर्ष २०७७/७८ मा २ हजार ५५४ मध्ये १ हजार ६६५, आर्थिक वर्ष २०७८/७९ मा २ हजार ३९४ मध्ये १ हजार ५६० बालिका बलात्कृत भएका छन् ।

बलात्कार घटनामा प्रहरी विवरणबाट खुलासा हुने अर्को तथ्य के हो भने बालिका र किशोरीहरु घरभित्रै असुरक्षित छन् । उनीहरु घरभित्रकै सदस्य र चिनेजानेकै व्यक्तिबाट बलात्कारको शिकार भएका धेरै घटना छन् । देशभरका यस्ता घटनामध्ये अधिकांश बालिका, किशोरी र महिलाहरु घरभित्र, आफन्त र छिमेकीबाट पीडित छन् । 'अधिकांश पीडित घरभित्रकै बुवा, दाजु, भाइ, काका र छिमेकीबाट बलात्कारको शिकार भएका छन्' नेपाल प्रहरीका प्रवक्ता पोषराज पोखरेल भन्छन्, 'बालिकाहरूको हकमा उनीहरु सजिलै प्रलो भनमा पर्छन् र प्रतिकार गर्न सक्दैनन् । पीडकले बालसुलभताको फाइदा उठाउँदा उनीहरु शिकार हुन पुग्छन् ।' प्रवक्ता पोखरेलका भनाइमा अपराध वा शोषण गरिसकेपछि पनि देखाइने त्रासका कारण वयस्क व्यक्तिलाई भन्दा तिनलाई चुप लगाउन सहज हुन्छ ।' अनलाइनखबरबाट

बन्दिपुर एफ.एम. प्रा.लि.द्वारा सञ्चालित
रेडियो बन्दिपुर ८८.८ मेगाहर्ज
मेरो पहिलो रोजाई Radio Bandipur 88.8MHz
बन्दिपुर-१, डुम्रेबजार, तनहुँ (प्रहरी चौकी नजिकै)
सम्पर्क : ०६५-५८०३२०, ५८०३६२, ९८५६०४२०८८, ९८५६०६०५००

इ.नं. ९४३/०७३/७४ ला.नं. ६२/०७४/७५
जि.प्र.का.द.नं. २९२१/०७३/७४ पान नं. ६०५६१८१२७
छिम्केश्वरी सामुदायिक विकास तथा सञ्चार केन्द्र तनहुँ द्वारा सञ्चालित
फोन नं. ०६५-५८०४००
रेडियो छिम्केश्वरी
१०६.२ मेगाहर्ज
स्टुडियो: बन्दिपुर-१, चिसापानी डुम्रे, तनहुँ
प्रशारण केन्द्र: भानु-१, नयाँबस्ती, तनहुँ
Gmail: radiochhimkeshwori@gmail.com
Web: www.radiochhimkeshwori.com.np

ला.नं. ६९/०७५/७६ इ.नं. १०१३/०७४/७५ पान नं. ६०६८७३११०
छिम्केश्वरी मिडिया हाउसद्वारा सञ्चालित
Power fm
95.6 MHz
स्टुडियो: बन्दिपुर-१, चिसापानी डुम्रे, तनहुँ
प्रशारण केन्द्र: बन्दिपुर-४, शिलथोक, तनहुँ
फोन नं. ०६५-५८०५००
Gmail: powerfm95.6@gmail.com
Web: www.powerfm.com.np

## तनहुँ जिल्लाका महत्वपूर्ण टेलिफोन

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय - ५६०१३३ | एम्वुलेन्स व्यास न. हस्पिटल : ९८४६१३१०२६ |
| जिल्ला समन्वय समिति - ५६०१७४ | थर्पु हे.पो. एम्बुलेन्स - ९८४६४०२९९४ |
| जिल्ला प्रहरी कार्यालय -५६०१९९/१०० | एम्बुलेन्स, आँवुखैरेनी - ९८४६७४६२२२, |
| व्यास नगरपालिका, दमौली - ५६०२३३ | आँवु इमरजेन्सि एम्बुलेन्स ९८४६७४६२४४ |
| नेपाल रेडक्रस सोसाइटी - ५६०१६९ | नेपाल विद्युत प्राधिकरण(मर्मत)- ५६०१७६ |
| दमौली अस्पताल, दमौली - ५६०२०३ | नेपाल विद्युत प्रा.(सव स्टेशन) - ५६०१९२ |
| रत्नहरी मे. अस्पताल,दमौली, - ५६०१०२ | एम्वुलेन्स युवा क्लव भिमाद ९८१६११८१०० |
| नेशनल एपोलो हस्पिटल - ५६१८११ | टिकट काउण्टर (माइक्रो), ५६०९०६ |
| एपोलो एम्बुलेन्स ९८४६४३५६११ | नेपाली कांग्रेस तनहुँ - ५६०३७५ |
| लक्ष्मी अस्पताल, डुम्रे - ५८०००७ | नेकपा तनहुँ - ५६०१३४ |
| जीपी कोइराला रा.स्व.प्र.उ.के. ५७०४५५ | आ.क.भा.भ.क्याम्पस, दमौली - ५६००९६ |
| व्यास नगर हस्पिटल : ५६१८१२ | भानुभक्त क्याम्पस, खैरेनीटार- ५७०२४० |

## तपाईको आज

**मेष** (चु,चे,चो,ला,लि,लु,ले,लो,अ)
आम्दानीका नयाँ स्रोत फेला पर्नेछन्। पहिलेको सफलताले नयाँ अवसर पनि दिलाउन सक्छ ।

**वृष** (इ,उ,ए,ओ,वा,वी,वू,बे,बो)
परिवारजनको साथले उत्साह जगाउनेछ। अप्ठ्यारा परिस्थितिलाई समेत सहज बनाउन सकिनेछ ।

**मिथुन** (का,की,कू,घ,ङ,छ,के,को,हा)
शरीरमा कमजोरी अनुभूति हुनेछ। लगनशील बन्दाबन्दै पनि काममा पछि परिनेछ ।

**कर्कट** (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)
दाम्पत्य सुमधुर रहनेछ । आम्दानी प्रशस्तै बढ्नेछ भने विभिन्न भौतिक साधन प्राप्तिको योग छ ।

**सिंह** (मा,मो,मु,मे,मो,टा,टी,टु,टे)
नियमित काम सम्पादन भए पनि पारिवारिक मतभेदले व्यवधान निम्त्याउला ।

**कन्य** (टो,पा,पी,पू,ष,ण,ठ,पे,पो)
अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ । सुखद समाचारले उत्साह जगाउनेछ ।

**तुला** (रा,री,रू,रे,रो,ता,ती,तु,ते)
कर्मको उचित प्रतिफल प्राप्त हुनेछ। लाभांश बढ्नाले दैनिकीमा परिवर्तन आउनेछ ।

**वृश्चिक** (नो,ना,नी,नु,ने,नो,या,यी,यू)
समयतालिका नमिल्दा योजना अधुरै रहनेछ । हल्लाको पछि लाग्दा व्यर्थैमा दुःख पाइनेछ ।

**धनु** (ये,यो,भा,भि,भु,धा,फा,ढ,भ)
प्रतिस्पर्धामा पनि विजयी भइनेछ। व्यापारलगायत आर्थिक लाभ लिने योजना कार्यान्वयन हुनेछन् ।

**मकर** (भो,जा,जी,खी,खु,खे,खो,गा,गी)
लक्ष्यमा पुग्न निकै संघर्ष गर्नुपर्ला। गोप्य सूचना बाहिरिनाले अप्ठ्यारो पर्न सक्छ ।

**कुम्भ** (गु,गा,गो,सा,सी,सू,से,सो,दा)
सामाजिक दायित्व बढ्नेछ। भूमि, वाहन र पैत्रिक सम्पत्तिबाट लाभ मिल्नेछ । व्यापारमा फाइदा हुनेछ।

**मीन** (दि,दु,थ,झ,ञ,दे,दो,चा,ची)
बेलैमा होस नपुग्नाले केही चुनौती झेल्नुपर्ला । समय दिन नसक्दा काम बिग्रन सक्छ ।

# हिमाल र पहाड खाली हुँदै, तराईमा बढ्यो जनसंख्याको चाप

**रमेश लम्साल/काठमाडौं**

नेपालको संविधानले महिलालाई अधिकार सम्पन्न बनाएपछि सम्पत्तिमा समेत उनीहरूको स्वामित्व क्रमशः वृद्धि हुँदै गएको पाइएको छ । राष्ट्रिय जनगणना २०७८ को विवरण अनुसार कूल २३ दशमलव आठ प्रतिशत परिवारमा महिलाको नाममा घर जग्गा रहेको पाइएको छ । जुन २०६८ को तुलनामा एक दशमलव एक प्रतिशतले बढी हो।

देशभर कूल ६६ लाख ६६ हजार नौ सय ३७ परिवार संख्या रहेको छ । आवासीय घर भने कूल ६६ लाख ६० हजार आठ सय ४१ रहेको छ । त्यसमध्ये घर तथा आवासीय इकाइको स्वामित्वमा समेत महिलाको सहभागितामा वृद्धि भएको छ । कूल ३१ दशमलव ५५ प्रतिशत परिवारमा परिवारमूली महिला रहेको छ । जुन, २०६८ को तुलनामा पाँच दशमलव ८२ प्रतिशत बढी हो । कूल दुई करोड ९१ लाख ६४ हजार पाँच सय ७८ जनसंख्या रहेकामा महिलाको सत्त्या एक करोड ४९ लाख ११ हजार २७ जना महिला छन् ।

त्यस्तै, एक करोड ४२ लाख ५३ हजार पाँच सय ५१ पुरूष छन् । लैङ्गिक अनुपातमा हेर्दा कूल एक सय जना महिलामा पुरूषको संख्या ९५ दशमलव ५९ छ । विसं २०६८ को कूल जनसत्त्या दुई करोड ६४ लाख ९४ हजार पाँच सय चार रहँदा त्यस्तो लैङ्गिक अनुपात ९४ दशमलव १६ थियो ।

**हिमाल र पहाड खाली हुँदै, तराईमा बढ्यो चाप**

जनगणनाको विवरणअनुसार हिमाली तथा पहाडी क्षेत्रमा जनघनत्व क्रमशः कम हुँदै गएको पाइएको छ । तराईमा प्रतिवर्गकिलोमिटर चार सय ६० बराबरको जनघनत्व रहँदा हिमाली क्षेत्रमा ३४ जना प्रतिवर्गकिलोमिटर रहेको छ । मनाङमा प्रतिवर्गकिलोमिटर तीनजना बराबरको मात्रै जनघनत्व रहेको छ । काठमाडौँ उपत्यकामा प्रतिवर्गकिलोमिटर पाँच हजार एक सय ६९ बराबरको जनघनत्व छ। प्राप्त विवरणअनुसार सबैभन्दा बढी जनसंख्या काठमाडौँ जिल्लामा रहेको छ । यस जिल्लामा कूल २० लाख ४१ हजार पाँच सय ८७ जनसंख्या छ । मनाङमा कूल पाँच हजार छ सय ५८ जनाको अक्सर बसोबास रहेको छ । मोरङ, रूपन्देही, झापा र सुनसरीमा सबैभन्दा बढी जनसंख्याको चाप परेको छ ।

यस्तै, मुस्ताङ, डोल्पा, रसुवा, हुम्लामा भने जनसंख्या कम रहेको छ । तराई कूल जनसत्त्याको ५३ दशमलव ६१ प्रतिशत जनसत्त्या रहेको छ । त्यो भनेको तराई क्षेत्रमा मात्रै एक करोड ५६ लाख ३४ हजार छजनाको बसोबास रहेको छ । पहाडमा ४० दशमलव ३१ प्रतिशत अर्थात् एक करोड १७ लाख ५७ हजार छ सय २४ बराबरको बसोबास छ । हिमाली क्षेत्रमा छ दशमलव शून्य आठ प्रतिशत अर्थात् १७ लाख ७२ हजार नौ सय ४८ को बसोबास छ ।

दश वर्षपहिले तराईमा ५० दशमलव २७ प्रतिशत, पहाडमा ४३ दशमलव शून्य एक प्रतिशत र हिमाली क्षेत्रमा छ दशमलव ७३ प्रतिशत जनसंख्याको बसोबास थियो । अक्सर हाल बसोबास गरिरहेका गाउँपालिका र नगरपालिकाबाट अर्को स्थानमा कहिल्यै बसाबोस नगरेका व्यक्तिहरू ६८ प्रतिशत छन् । कूल जनसंख्याको १० दशमलव आठ प्रतिशत व्यक्तिले यसअघि बसोबास गरेको स्थानबाट अर्को गाउँपालिका वा नगरपालिकामा बसाइँसराइ गरेका छन् । १८ दशमलव दुई प्रतिशत जनसंख्या अर्को जिल्लामा र तीन दशमलव एक प्रतिशत बराबर जनसत्त्या भने विदेश पलायन भएको छ । कूल ९३ लाख ४१ हजार चार सय आठजनाले बसाइँसराइ गरेको पाइएको छ । यसअघिको बसोबास गरेको स्थानबाट बसाइँसराइ गर्नुको खास कारण भने काम रोजगारी, व्यापार–व्यवसाय, अध्ययन, तालिम, आश्रित, प्राकृतिक प्रकोप, कृषिलगायत छन् ।

**परम्परागत ऊर्जामा नै आश्रित**

सरकारले स्वच्छ ऊर्जाको विकास र विस्तारमा जोड दिएको भए पनि खाना पकाउनका लागि अझै पनि परम्परागत ऊर्जामा निर्धर रहने जनसत्त्याको हिस्सा ठूलो रहेको छ । देशका कूल परिवारमध्ये आधाभन्दा बढी अर्थात् ५१ प्रतिशत परिवारले खाना पकाउन काठदाउरा प्रयोग गर्ने गरेका छन् । खान पकाउन एलपी ग्यासका प्रयोग गर्नेहरू ४४ दशमलव तीन प्रतिशत बराबर छन् । बिजुलीको प्रयोग गर्ने शून्य दशमलव पाँच, गुइँठा प्रयोग गर्ने दुई दशमलव नौ, बायोग्यास प्रयोग गर्ने एक दशमलव दुई, मट्टीतेल प्रयोग गर्ने शून्य दशमलव शून्य पाँच र अन्य इन्धनको प्रयोग गर्नेहरू शून्य दशमलव एक प्रतिशत बराबर छन्। दश वर्षपहिले ६४ प्रतिशतले खाना पकाउन अक्सर दाउराको प्रयोग गर्ने गरेका थिए । यसमा केही कमी आए पनि अझै परम्परागत ऊर्जामा आश्रित हुनेको संख्या आधारभन्दा बढी रहेको छ ।

**बिजुली विस्तारमा फड्को**

सबै घरपरिवारमा बिजुली पुऱ्याउने सरकारको लक्ष्य क्रमशः पूरा हुने चरणमा पुगेको छ । कूल ९२ दशमलव दुई प्रतिशत घरपरिवारमा बत्ती बाल्नका लागि बिजुलीको प्रयोग भएको पाइएको छ । आफू बसोबास गरेको घर तथा आवासीय इकाइमा बत्ती बाल्न मानिसले बिजुली प्रयोग गरेका छन् ।

दश वर्षपहिले बिजुली प्रयोग गर्ने परिवार मात्रै ६७ दशमलव तीन प्रतिशत मात्रै थिए । बत्ती बाल्न सोलार, सौर्य ऊर्जा प्रयोग गर्ने परिवार छ दशमलव छ प्रतिशत छन् । यस आधारमा हेर्दा स्वच्छ ऊर्जाको पहुँच ९८ दशमलव आठ प्रतिशत बराबर हुन पुगेको । मट्टीतेल र अन्य इन्धन प्रयोग गर्ने परिवार एक प्रतिशतभन्दा कम रहेको छ । रासस

# छोरीभन्दा छोरा धेरै जन्मिए

**रासस/काठमाडौं**

नेपालमा छोरीभन्दा छोरा बढी जन्मिएको पाइएको छ। शुक्रबार सार्वजनिक गरिएको राष्ट्रिय जनगणनामा छोरा ५२ दशमलव आठ प्रतिशत र छोरी ४७ दशमलव तीन प्रतिशत जन्मिएको पाइएको हो । जनगणनाअनुसार एक वर्षको बीचमा कूल चार लाख १२ हजार नौ सय ३५ जना बच्चा जन्मिएका थिए । तीमध्ये दुई लाख १८ हजार ७४ जना छोरा र एक लाख ९४ हजार आठ सय ६१ छोरी जन्मिएका थिए । जनगणनाअनुसार १० वर्षमा १५–४९ वर्षका कूल ६१ लाख ४५ हजार ३९ विवाहित महिलाले हालसम्म एक करोड २७ लाख ९९ हजार ९६९ बच्चा जन्माएका छन् । नेपालमा १५–४९ वर्षका विवाहित महिलामध्ये १२ प्रतिशतले कुनै पनि जीवित बच्चा नजन्माएको पाइएको छ ।

राष्ट्रिय जनगणना २०७८ को नतिजाअनुसार ६१ लाख ४५ हजार ३९ जना विवाहित महिलामध्ये १२ प्रतिशतले बच्चा नजन्माएको पाइएको छ भने दुई जना जीवित बच्चा जन्माएका महिलाको सत्त्या सबैभन्दा बढी ३३ प्रतिशत छ ।

यस्तै एक जनामात्र जीवित बच्चा जन्माउने विवाहित महिला २३ दशमलव एक प्रतिशत छन् भने नौ वा सोभन्दा बढी जीवित बच्चा जन्माउने महिला शुन्य दशमलव एक प्रतिशत छ । जीवित जन्मेका बच्चाहरूमध्ये तीन दशमलव दुई प्रतिशतको मृत्यु भएको पाइएको छ । राष्ट्रिय जनगणनामा धेरैजसो व्यक्तिहरू ३४ दशमलव चार प्रतिशतको पहिलो विवाह १८ देखि २० वर्षको उमेरमा भएको पाइएको छ भने दोस्रोमा १५ देखि १७ वर्षको उमेरमा पहिलो विवाह हुने व्यक्तिहरू २२ दशमलव तीन प्रतिशत छन् ।

**दशवर्ष मुनि शुन्य दशमलव तीन प्रतिशतको विवाह**

राष्ट्रिय जनगणनामा १० वर्षमुनि उमेरमा पहिलो विवाह भएका व्यक्तिहरू शुन्य दशमलव तीन प्रतिशत छन् । यसैगरी १०–१४ वर्ष उमेरमा पहिलो विवाह हुनेहरू सात प्रतिशत छन् । समग्रमा पहिलो विवाह गर्दाको औसत उमेर १९ वर्ष हुन आउँछ । जसमा पुरूषको २१ वर्ष र महिलाको १८ वर्ष छ ।

**मातृ मृत्युदर १५१ मा**

यसैगरी कूल प्रजनन उमेर समूह (१५–४९ वर्ष) का १२ हजार नौ सय ७६ महिला मृत्युमध्ये छ सय ५३ जना (पाँच प्रतिशत) को मृत्यु गर्भावस्थासँग सम्बन्धित रहेको छ । तीमध्ये छ सय २२ जना (९५ प्रतिशत) को मृत्यु मातृमृत्युसँग सम्बन्धित रहेको जनगणनामा जनाइएको छ । उक्त उमेर समूहबाट कूल चार लाख १२ हजार नौ सय ३५ जना जीवित बच्चाको जन्म भएको देखिएको छ । जसअनुसार मातृमृत्यु दर एक सय ५१ जना (प्रति लाख जीवित जन्ममा) रहेको नतिजाले देखाएको छ ।

# लियो क्लबमा वसन्ती

**भञ्ज्याङ समाचारदाता/दमौली**

लियो क्लव अफ तनहुँको अध्यक्षमा बसन्ती थापा मगर चयन भएकी छन् । क्लवको शुक्रबार सम्पन्न अधिवेशनबाट वर्ष २०२३/२४ को अध्यक्षमा थापा चयन भएकी हुन् । उनी लियो क्लव तनहुँको इतिहासमा पहिलो महिला अध्यक्ष बन्न सफल भएकी छन् । क्लवको प्रथम उपाध्यक्षमा सागर घिमिरे, द्वितीय उपाध्यक्षमा रूविन श्रेष्ठ, तृतीय उपाध्यक्षमा आकाश अधिकारी, सचिवमा डिपी थापा, सहसचिवमा मुकेश विडारी र कोषाध्यक्षमा राम श्रेष्ठ चयन भएका छन् । पछि कार्यसमितिलाई पूर्णता दिईने क्लवका २०२२/२३ का अध्यक्ष सुदिप गफ्फारले जानकारी दिए ।

यसैबीच क्लवले व्यास–१ भादगाउँस्थित आदिकवि भानुभक्त क्याम्पसको स्ववियु निर्वाचनमा विजयी भएका क्लबका सदस्यलाई सम्मान गरेको छ । स्ववियु सभापति गौरव पन्थ, सहसचिव सविन लामिछाने र सदस्यहरू प्रमिशा शाही ठकुरी, प्रविण आले र अर्चना साहलाई सम्मान गरिएको छ । उनिहरूलाई लायान्स क्लब अफ तनहुँका अध्यक्ष राजु दाहाल, लियो क्लबका पूर्व अध्यक्ष सुनिल मिश्र लगायतले सम्मान गरेका थिए ।

विवाह वारी २० वर्ष पारी
सानै छु बढ्न देऊ, बाल विवाह हैन पढ्न देऊ



बालविवाह गर्नु गराउनु दण्डनीय अपराध हो
हामी सबै मिली बालविवाह अन्त्य गरौं, सम्भ्य समाजको निर्माण गरौं ।
व्यास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दमौली, तनहुँ । गण्डकी प्रदेश

# लोकतन्त्रका निम्ति निरन्तर लड्ने गान्धीको प्रतिबद्धता

**रासस/एएफपी/नयाँ दिल्ली**

भारतका प्रतिपक्षी दलका नेता राहुल गान्धीले लोकतन्त्रका निम्ति निरन्तर लडिरहने प्रतिबद्धता व्यक्त गर्नुभएको छ । देशको लोकतन्त्रको रक्षाका लागि त्यो अपरिहार्य भएको बताउनुभयो । शनिबार यहाँ भएको पत्रकार सम्मेलनमा उहाँले संसद् सदस्य हुनु र नुहुनुमा कुनै अन्तर नभएको उल्लेख गर्दै वेथितिविरूद्धको आफ्नो संघर्ष जारी रहने बताउनुभयो ।

प्रधानमन्त्री नरेन्द्र मोदीका प्रमुख व्यापारिक सहयोगीमाथि आफूले छानबिनको माग गरेपछि घुमाउरो पाराले आफूलाई संसद्बाट निष्काशन गरिएको बताउँदै उहाँले सुरत अदालतको निर्णयबाट आफू विचलित नभएको बताउनुभयो । आफू जस्तोसुकै धम्कीबाट नझुक्ने र नडराउने बताउँदै उहाँले प्रधानमन्त्री र व्यापारी गौतम अडानीबीचको सम्बन्धबारे प्रश्न गर्न कहिल्यै पछि नपर्ने दृढता व्यक्त गर्नुभयो । उहाँहरूको सम्बन्धको छानबिन हुनैपर्ने उहाँले दोहोऱ्याउनुभयो।

सन् २०१९ मा कर्नाटक राज्यको कोलारमा आयोजित चुनावी सभामा नेता गान्धीले 'चोर मोदीहरू' भन्नुभएको थियो । उहाँले भगौडा व्यापारी नीरब मोदी र ललित मोदीलाई लक्ष्य गर्दै त्यसो भन्नुभएको थियो । नेता गान्धीको उक्त अभिव्यक्तिले मोदी थर भएका सबैको मानहानी भएको जिकिर गर्दै भारतीय जनता पार्टी (भाजपा)का विधायक एवं गुजरात राज्यका पूर्वमन्त्री पूर्णेश मोदीले उहाँविरूद्ध मुद्दा दायर गर्नुभएको थियो ।

गत शनिबार अदालतले मानहानी मुद्दामा दोषी ठहर गर्दै गान्धीलाई दुई वर्षको जेल सजाय सुनाएको भोलिपल्ट उहाँलाई संसद्बाट समेत हटाइएको हो । आलोचकहरूले विपक्षी र अधिकारकर्मीहरूलाई दबाउन मोदी सरकारले कानुन प्रयोग गरेको आरोप लगाएका छन् । गान्धीलाई संसद्बाट हटाइको विरोधमा भारतका विभिन्न शहरमा आज विरोध प्रदर्शन भएका थिए ।

# तनहुँको जनसंख्या ..............

भिमाद नगरपालिकाको जनसंख्या २९ हजार २४८ रहेको छ । सार्वजनिक तथ्याङ्क अनुसार भिमादमा पुरूष १३ हजार ३९५ (४५.८ प्रतिशत) र महिला १५ हजार ८५२ (५४.२ प्रतिशत) जनसंख्या रहेको छ । भिमादको कूल साक्षरता दर ७९.७ प्रतिशत रहेको छ । जसमा पुरूष ८८.१ प्रतिशत र महिला ७२.८ प्रतिशत साक्षर रहेका छन् ।

घिरिङ गाउँपालिकामा जिल्लाका अन्य पालिका भन्दा कम जनसंख्य रहेको छ । सार्वजनिक तथ्याङ्क अनुसार घिरिङ गाउँपालिकाको जनसंख्या १४ हजार ३३४ रहेको छ । जसअनुसार पुरूष ६ हजार ५६५ (४५.८ प्रतिशत) र महिला ७ हजार ७७० (५४.२ प्रतिशत) जनसंख्या रहेको छ । घिरिङको कूल साक्षरता दर ७३ प्रतिशत देखाइएको छ। जसमा पुरूष ८१.६ प्रतिशत र महिला ६५.९ प्रतिशत साक्षर रहेको देखाइएको छ ।

ऋषिङ गाउँपालिकाको जनसंख्या १७ हजार ९१८ रहेको छ । सार्वजनिक तथ्याङ्क अनुसार ऋषिङमा पुरूष ८ हजार २०६ (४५.८ प्रतिशत) र महिला ९ हजार ७१२ (५४.२ प्रतिशत) जनसंख्या रहेको छ । ऋषिङको कूल साक्षरता दर ७१.६ प्रतिशत रहेको छ । जसमा पुरूष ८०.९ प्रतिशत र महिला ६३.८ प्रतिशत साक्षर रहेका छन् ।

देवघाट गाउँपालिकाको जनसंख्या १४ हजार ५८४ रहेको छ । सार्वजनिक तथ्याङ्क अनुसार पुरूष ६ हजार ९७१ (४७.८ प्रतिशत) र महिला ७ हजार ६१३ (५२.२ प्रतिशत) जनसंख्य रहेको छ । देवघाटको कूल साक्षरता दर ७५.४ प्रतिशत रहेको छ । जसमा पुरूष ८४.२ प्रतिशत र महिला ६७.५ प्रतिशत साक्षर रहेको देखाइएको छ ।

बन्दिपुर गाउँपालिकाको जनसंख्या १८ हजार ५३२ रहेको छ । सार्वजनिक तथ्याङ्क अनुसार पुरूष ८ हजार ८७७ (४७.९ प्रतिशत) रमहिला ९ हजार ६५५ (५२.१ प्रतिशत) जनसंख्या रहेको छ । बन्दिपुरको कूल साक्षरता दर ७९.५ प्रतिशत रहेको छ । जसमा पुरूष ८७.९ प्रतिशत र ७२.१ प्रतिशत महिला साक्षर रहेको देखाइएको छ ।

आँबुखैरेनी गाउँपालिकाको जनसंख्या २२ हजार २५२ रहेको छ । सार्वजनिक तथ्याङ्क अनुसार पुरूष १० हजार ६१५ (४७.७ प्रतिशत) र महिला ११ हजार ६३७ (५२.३ प्रतिशत) जनसंख्या रहेको छ। आँबुखैरेनीको कूल साक्षरता दर ८२.१ प्रतिशत रहेको छ । जसमा पुरूष ८८ प्रतिशत र महिला ७६.८ प्रतिशत साक्षर रहेको देखाइएको छ ।

उपभोक्ताहरूले खाद्य वस्तु खरिद गर्दा खाद्य पदार्थको बाहिरी आवारणको लेवलमा खुलाउनु पर्ने अनिवार्य मापदण्ड (उत्पादन मिति, उपभोग्य मिति, व्याच नम्बर, तौल/आयतन, उद्योगको पुरा नाम ठेगाना) हेरेर मात्र खरिद गरौं ।
www.bhanjyangnews.com

हाम्रा उपलब्ध सेवाहरू :
१) डा. सुशील वि.क.द्वारा दैनिक बिरामी जाँच २) प्याथोलोजी ल्याब सेवा ३) डिजीटल मेशिनद्वारा एक्स–रे सेवा, ४) भिडीयो एक्सरे सेवा वा मुटुको भिडीयो एक्सरे (ECO) ५) नेबुलाइजर (वाफ) सेवा ६) मुटुको इसिजि सेवा ७) ड्रेसिङ्ग र सुचरिङ्ग सेवा ८) हात खुट्टा भाँचिएमा प्लाष्टर सेवा ९) अब्जरभेसन सेवा १०) गुणस्तरीय फार्मेसी सेवा
नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।
मिर्लुङ्ग पोलिक्लिनिक प्रा.लि.
व्यास–२, दमौली तनहुँ । फोन : ०६५–५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२

जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९




**गाउँमा व्यवसायीक बाखा पालन :** भानु नगरपालिका-६ नावरूङ डाँडाथोकका कृषक मानबहादुर भण्डारीको बाखा फार्ममा पालिका बाखा। कृषक भण्डारीले व्यवसायीक रूपमा बोयर बाखा, स्थानीय जातका कुखुरा पालन गरी राम्रो आम्दानी लिन सफल भएका छन् । *तस्विर : भञ्ज्याङ*

### नेकपा एमालेको मिसन ग्रासरूट अभियान :

# माओवादी र एस कांग्रेसको दया र कृपाबाट बाँच्ने पार्टी : उपाध्यक्ष झवाली

## मिसन ग्रासरूटले पार्टीलाई जनतासंग जोड्छ : सांसद भट्टराई

**भञ्ज्याङ समाचारदाता**/दमौली

नेकपा एमालेका उपाध्यक्ष युवराज झवालीले माओवादी र नेकपा एस भनेको कांग्रेसको दया र कृपाबाट दुईचार सिट लिएर बाच्ने पार्टी भएको आरोप लगाएका छन् । तनहुँको भानु-१ भन्सारमा शनिबार आयोजित मिसन ग्रासरूट अभियानलाई सम्बोधन गर्दै उनले भने, 'कांग्रेसले भोट नहालेको भए माओवादी दुईचार सिट र माधव नेपालको पार्टी शून्य हुने थियो । कांग्रेसले माओवादी र माधव नेपाललाई प्रयोग गरेर नेपालमा कम्युनिस्ट पार्टी सिध्याउने योजनामा छ ।'

झवालीले अहिले सञ्चालन भइरहेको मिसन ग्रासरूट अभियानले एमालेको उपचार गर्ने बताए । झवालीले पार्टीमा रहेका रोग हटाउन मिसन ग्रासरूटले सहयोग पुग्ने बताए। 'मिसन ग्रासरूट अभियानमा प्रत्येक टोलमा पुग्नुपर्छ, यो अभियानले एमालेको उपचार गर्छ, रोगहरू हटाउछ र पार्टी पहिलेको भन्दा स्वस्थ बन्छ', झवालीले भने, 'आफ्ना असन्तुष्टिलाई थाति राख्नुपर्छ । यो महाअभियान हो, सबै जना लाग्नुपर्छ।'

तनहुँ-१ मा वैशाख १० गते हुने उपनिर्वाचनका सन्दर्भमा झवालीले उम्मेदवार हुन कार्यकर्ताले मन पराउने मान्छे हुनुपर्ने बताए। 'जितेर मात्रै हुँदैन, टिक्ने पनि हुनुपर्‍यो, विगतमा धेरैले जितेर गएपनि टिक्न नसक्नेहरू पनि छन्', झवालीले भने, 'सधैंभरि पार्टीको पक्षमा लाग्न सक्ने उम्मेदवार चाहिन्छ। सबै पार्टी कमिटी एकताबद्ध भएर चुनावमा लाग्नुपर्छ।'





झवालीले चुनाव एउटा लडाइ भएकाले त्यो लडाइ एमालेले जित्नुपर्ने जिकिर गरे। कम्युनिष्टहरू सिद्धान्त, देश र जनताप्रति समर्पित हुनुपर्ने झवालीको जोड थियो। सुखी नेपाली समृद्ध नेपाल एमालेको मुख्य ध्येय भएको चर्चा गर्दै झवालीले देश समृद्ध मात्र भएर नभई जनता सुखी पनि हुनुपर्ने बताए ।

नेपाल लडाएर लुटिखाने पुँजीवाद, दलाल तथा नोकरशाही र श्रमको आधारमा बाच्ने र गरिखाने वर्गको बीचमा छ । उनले भने, 'नेकपा एमाले सबै जनतालाई समृद्ध बनाउन चाहन्छ । जबसम्म उत्पादन बढाउन सक्दैनौं तबसम्म आत्मनिर्भर बन्न सकिन्न ।'

एमाले सचिव पद्मा अर्यालले वैशाख १० को चुनावको परिणाम एमालेको पक्षमा ल्याउने गरी मिसन ग्रासरूट अभियान चलाउनुपर्ने बताइन्। एमाले स्थायी कमिटी सदस्य किरण गुरूङले पार्टी पंक्ति एकताबद्ध भएमा गठबन्धनका उम्मेदवारलाई पराजित गर्न सकिने बताए ।





क्षेत्रीय संयोजक हरिराज कंडेलको अध्यक्षतामा आयोजित कार्यक्रममा नेकपा (एमाले) स्थायी कमिटी सदस्य किरण गुरूङ, पोलिटव्युरो सदस्य टुकराज सिग्देल, केन्द्रीय सदस्य भगवती न्यौपाने, विद्या भट्टराई, कृष्ण पौडेल लगायतले पार्टीलाई बलियो बनाएर लैजानुको विकल्प नभएको बताए।

यस्तै, प्रतिनिधिसभा सदस्य एवं नेकपा (एमाले) केन्द्रीय सदस्य विद्या भट्टराईले मिसन ग्रासरूट अभियानले जनतासँग सम्बन्ध जोड्न सहयोग पुग्ने बताएकी छन्। नेकपा (एमाले) व्यास नगरपालिका-५ वडा कमिटीले शनिबार आयोजना गरेको कार्यक्रममा भट्टराईले मिसन ग्रासरूट अभियानले जनता र पार्टीसँगको सम्वन्धलाई जीवन्त राख्न महत्वपूर्ण भूमिका खेल्ने उल्लेख गरिन् ।

पार्टीमा तीन पुस्ते नेता कार्यकर्ता भएको हुँदा यसको उचित व्यवस्थापन गरेर पार्टी बलियो बनाउन सकिने उनको भनाइ थियो। हिजो पार्टी भूमिगत हुँदादेखि विभिन्न राजनैतिक आन्दोलनमा त्याग तपस्या गरेको पुस्ताको विचार र भावनालाई सम्मान गर्दै आजको पुस्ता अगाडी बढ्नुपर्नेमा उनको जोड थियो ।

उनले भनिन्, 'यो वैज्ञानिक युगमा प्रविधिको समुचित प्रयोग गर्दै पार्टीलाई आम जनतासँग जोड्नुपर्दछ । यो अभियान अब निरन्तर रहने हुँदा समाजमा हुने विकृति विसङ्गतिलाई चिर्दै पार्टी परिवर्तन तर्फ उन्मुख हुनुपर्छ ।'

पार्टी सदस्यता नविकरणदेखि टोल कमिटी गठन यो अभियानमा पर्ने हुँदा सम्पूर्ण पार्टी कार्यकर्तालाई योजनाबद्ध रूपमा लाग्न उनले आग्रह गरिन् ।

**पत्रिका नआइपुगे, ग्राहक बन्नु परेमा तथा विज्ञापन प्रकाशित गर्नु परेमा ।**
**सम्पर्क : ०६५-५६३९०७**
www.bhanjyangnews.com
E-mail : bhanjyangdml@gmail.com

facebook twitter



**निलम्बर आचार्य**
twitter.com/nilacharya
अचम्म लाग्छ दिन बितेको थाहै हुँदैन, एकदुई काम गर्न भ्याएको हुँदैन साँझ भइहाल्छ । दिन जति खँदिलो भरिलो र उपलब्धिपूर्ण हुन्छ, त्यति आत्मिक सन्तुष्टि र शारीरिक स्फूर्ति हुन्छ । आफुले गर्नुपर्ने कर्म गर्न भ्याएको दिन मन प्रसन्न हुन्छ, आनन्द लाग्छ ।



**रञ्जु**
twitter.com/Ranzu222
जब तपाई धेरै मानशिक रूपमा बिक्षिप्त भैसक्नु भएको हुन्छ तब तपाइको अस्थिर मनले के सहि के गलत छुट्याउन नसक्दा अरूको नकारात्मक टिकाटिपणिमा उत्रनु हुन्छ ! यस्ले तपाइको स्तर र योग्यता प्रस्ट देखाउछ ।



**सुष्मा आचार्य**
twitter.com/acharya_susma
सकारात्मक सोच भएका ब्यक्तिले म सकारात्मक छु भनिरहन आवश्यक छैन, ब्यबहारमा देखिनुपर्दछ । यहाँ त जो चोर उसैको ठुलो स्वर छ । उसिन्नु पर्ने अण्डाको अम्लेट बनेछ, अम्लेटको अण्डा उसिनिएछ भन्ने मानसिकताबाट ग्रस्त ब्यक्तिको उपचार नै छैन । बस् सत्य र निष्ठाको बाटो छोड्नु हुँदैन ।



**सविन के.सी**
twitter.com/kcsabin2014
जिन्दगी र जिम्मेवारी के हो भन्ने कुरा आफ्नो भोगाई पछि स्वत महसुस हुँदै जाने वास्तविकता हो, यसलाई न कसैले नकार्न सक्छ न त परिवर्तन गर्न नै, भलै कैयौं मुस्किलहरू किन नआओस, मात्र सकारात्मकताका साथ बहन गर्नु महत्त्वपूर्ण कुरा हो ।

# आयआर्जन बृद्धि सहयोगका लागि अभिमुखिकरण

**भञ्ज्याङ समाचारदाता**/दमौली

अपाङ्गता भएका व्यक्तिहरूको आयआर्जन वृद्धि सहयोगका लागि अभिमुखिकरण गरिएको छ । रिसेड तनहुँले ४२ जना अपाङ्गता भएका व्यक्तिहरूलाई स्वरोजगार बन्न आयआर्जनमा सुधार ल्याउने उद्देश्यले उनीहरूले रोजेको सीप तथा साना उद्यम विकासका लागि आवश्यक सहयोग गर्ने गरी दमौलीमा अभिमुखिकरण कार्यक्रम गरेको हो।

अभिमुखिकरण कार्यक्रममा व्यास नगरपालिका प्रमुख बैकुण्ठ न्यौपानेले अपाङ्गता भएका व्यक्तिका संस्थाहरूले तनहुँमा गरेको कामको चर्चा गर्दै अपाङ्गता भएका व्यक्तिहरूलाई प्रत्यक्ष रूपमा फाइदा पुग्ने खालका काम गर्न सुझाव दिए ।



कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत गंगालाल सुवेधिले पनि अपाङ्गता भएका व्यक्तिहरूलाई समान रूपमा कार्यक्रममा सहभागि गर्न तथा उपलब्ध सेवा सुविधाहरू पनि सहज रन्यायोचित ढंगले उपलब्ध गराउन आग्रह गरेका थिए ।

सामाजिक विकास मन्त्रालय, गण्डकी प्रदेश, सामाजिक विकास कार्यालय, तनहुँको सहयोगमा १४ जना र व्यास नगरपालिकाको आर्थिक सहयोगमा २८ जना अपाङ्गता भएका व्यक्तिहरूले बाख्रापालन, कुखुरापालन, सुंगुरपालन, तरकारीखेती, किराना पसल, कम्प्युटर तालिम लगायतका स्वरोजगारमुलक व्यावसाय तथा सीप सिकाउनका लागि रिसेड तनहुँले अभिमुखिकरण कार्यक्रम सञ्चालन गरेको छ ।

व्यास नगरपालिकाका पशुरोग विशेषज्ञ डाक्टर मनोज विक, प्रतिमा बगाले र प्रताप गुरूङगले सहभागीहरूलाई कार्यक्रमका विषयमा सहजिकरण गरेका थिए। व्यास-८ निबासी अति अशक्त अपाङ्गता भएका झलक विककी आमा हिरामाया विकले २ वर्ष अगाडी रिसेडको सहयोगमा १ वटा बाख्रा पाएकोमा हाल आफनो गोठमा जम्मा ९ वटा बाख्रा भएको बताइन् ।

सामाजिक विकास कार्यालय, तनहुँका प्रमुख वित्रम सुवेदीले अपाङ्गता भएका व्यक्तिहरूको गरिबी निबारण गर्दै आत्मनिर्भर बनाउन यो कार्यक्रमले योगदान पुर्‍याउनेमा विश्वास व्यक्त गर्दै आगामी वर्षमा पनि आर्थिक सुधारका कार्यक्रमलाई निरन्तरता दिने बताए ।

रिसेड तनहुँका अध्यक्ष पदम बहादुर परियारले पेशा शुरू गर्नुभन्दा अगाडी अभिमुखीकरण गरेको, उद्यम वा सीप सिक्नको लागि विउँपुँजी सहयोग गर्ने र त्यसपछि पनि प्राविधिकहरू मार्फत निरन्तर आवश्यक अनुगमन र सहयोग उपलब्ध गराउने जानकारी गराए ।

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का, **सल्लाहकार** : विश्वबन्धु भण्डारी ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोनः ०६५-५६३९०७**, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४